नेपालको पहिलो बैंक

नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

स्थापित वि.सं. १९९४

प्रधान कार्यालय
नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
धर्मपथ, काठमाडौं ।
प्रधान कार्यालय, प्रमुख कार्यकारी अधिकृतको कार्यालय

## प्रेस विज्ञप्ती

### नेपाल बैंक लिमिटेडद्वारा नेपाल बैंक लिमिटेड छत्रमान सिंह स्वर्ण पदक प्राप्त गर्ने विधार्थीलाई सम्मान

नेपाल बैंक लिमिटेडले त्रिभुवन बिश्वविद्यालय व्यवस्थापन संङ्काय अन्तर्गत स्नातक तहमा सर्वोत्कृष्ठ स्थान हासिल गरि **नेपाल बैंक लिमिटेड छत्रमान सिंह के.सी.स्वर्ण पदक** प्राप्त गर्न सफल छात्रा श्री बबिता ग्वाछालाई सम्मान गरेको छ । भक्तपुरको बागेश्वरी कलेजमा अध्ययनरत छात्रा श्री बबिता ग्वाछालाई त्रिभुवन बिश्वबिद्यालयको ४७ औं दिक्षान्त समारोहको अवसरमा सम्माननीय प्रधानमन्त्री तथा त्रिभुवन विश्वबिद्यालयका कुलपति श्री शेर बहादुर देउवाले **नेपाल बैंक लिमिटेड छत्रमान सिंह के.सी. स्वर्ण पदक** प्रदान गर्नु भएको थियो । वि.सं. २०२२ साल माघ ११ गते एक लाख रुपैयांको अक्षयकोष स्थापना गरि सुरु भएको उक्त पदक त्रिभुवन बिश्वबिद्यालय व्यवस्थापन सङ्कायमा सर्वोकृष्ट हुनेलाई प्रत्येक बर्ष त्रिभुवन बिश्वबिद्यालयको दिक्षान्त समारोहको दिन प्रदान गरिन्छ । नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, धर्मपथ, काठमाण्डौमा मिति २०७८/०९/१४ गते आयोजित एक कार्यक्रममा नेपाल बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत श्री कृष्ण बहादुर अधिकारीले नेपाल बैंक लिमिटेडको नाममा स्थापित छत्रमान सिंह के.सी. स्वर्ण पदक प्राप्त गरेकोमा पदक विजेता श्री बबिता ग्वाछालाई बधाई दिनुहुदै सम्मान गर्नु भएको थियो । साथै, भविष्यमा अझ धेरै सफलता प्राप्त गर्न र नेपाल बैंकको गरिमा बढाउन महत्वपूर्ण भुमिका निर्वाह गर्नुहुनेछ भन्ने शुभेच्छा व्यक्त गर्नुभएको थियो । कडा परिश्रमले सधैं सफलता मिल्दछ भन्दै यो पदक सम्पूर्ण विधार्थीहरुको लागि प्रेरणाको श्रोत बन्न पुगेको पनि उहांले बताउनु भयो । कार्यक्रममा पदक बिजेता विधार्थी श्री बबिता ग्वाछाले नेपाल बैंक लिमिटेडको नाममा स्थापित स्वर्ण पदक प्रदान गरेकोमा नेपाल बैक प्रति हार्दिक आभार व्यक्त गर्नु भएको थियो ।

भवदीय,

मिति २०७८ पौष १४ गते बुधबार ।

(प्रकाश कुमार अधिकारी)
प्रवक्ता

फोन नं.: ०१४२३९८८८, ४२४७९९९ | टोल फ्री नं.: १६६००१३७३७३ | फयाक्स: ९७७-०१-४२२०४१४
ईमेल: info@nepalbank.com.np | वेबसाइट: www.nepalbank.com.np

